**नागरिक लगानी कोषको**

**३१औं बार्षिक साधारणसभा बस्ने सम्बन्धी सूचना**

**श्री शेयरधनी महानुभावहरु,**

यस कोषको संचालक समितिको मिति २०८२।०९।०९ मा बसेको ८६९औं बैठकको निर्णय अनुसार कोषको ३१औं बार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा हुने भएकोले नागरिक लगानी कोष ऐन, २०४७ को दफा २१ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारणसभा हुने मिति, स्थान र समय :**

मिति : २०८२ साल पुस ३० गते बुधबार (तदनुसार १४ जनवरी, २०२६ ।

स्थान : कोषको केन्द्रीय कार्यालय, सिआईटी विल्डिङ्ग परिसर, नयाँ बानेश्वर, काठमाण्डौं ।

समय : बिहान ११.०० बजे ।

**साधारणसभामा छलफल हुने विषयहरु** :

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने कोषको आर्थिक बर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ साल असार मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक बर्ष २०८१/८२ को नाफा/नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

(३) कोषको आर्थिक बर्ष २०८१/८२ को आम्दानी बाँडफाँड हिसाब विवरणमा छुट्ट्याईएको प्रस्तावित ५ पाँच) प्रतिशत बोनस शेयर र ८ (आठ) प्रतिशत नगद लाभांश (कर समेत) स्वीकृत गर्ने ।

(४) कोषको संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन गर्ने ।

(५) साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनीहरु तथा संचालकहरुको तर्फबाट एक/एक जना प्रतिनिधि नियुक्त गर्ने ।

(६) विविध ।

**बार्षिक साधारणसभा सम्बन्धी जानकारी :**

१. बार्षिक साधारणसभा प्रयोजनको लागि कोषको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजको कार्य मिति २०८२ पौष २१ गते एक दिन बन्द रहनेछ । शेयरधनी पुस्तिका बन्द हुने अघिल्लो दिन अर्थात् २०८२ पौष २० गतेसम्म नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा कारोबार भई शेयर नामसारी भई आएका शेयरधनीहरु बार्षिक साधारणसभामा भाग लिनका लागि योग्य हुनेछन् ।

२. शेयरधनीहरुले आफ्नो परिचय खुल्ने परिचयपत्र वा सरकारी कार्यालयबाट जारी भएको परिचयपत्र वा शेयर अभौतिकीकरण गरेको व्यक्तिको हकमा हितग्राही खाताको विवरण (Demat Account Statement) प्रस्तुत गरे पछि मात्र सभामा भाग लिन पाइनेछ ।

३. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण (नागरिकता वा अन्य कुनै सरकारी परिचयपत्र) प्रस्तुत गरे पछी सभामा भाग लिन पाईनेछ ।

४. संगठित संस्था शेयरधनी भएको हकमा संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारी पत्र सहित उपस्थित हुनुपर्नेछ र प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रतिनिधि (प्रोक्सी) कोषको शेयरधनी हुनुपर्नेछ ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने व्यक्ति शेयरधनीले कोषको अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सभा हुनु भन्दा ९६ घण्टा अगावै उक्त प्रतिनिधि (प्रोक्सी) यस कोषको केन्द्रीय कार्यालय स्थित संचालक समितिको सचिवालयमा दर्ता गराई सक्नु पर्नेछ ।

६. प्रतिनिधि (प्रोक्सी) मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारणसभामा उपस्थित भएमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

७. संयुक्त रुपमा शेयर खरीद गरेको अवस्थामा शेयरधनीहरुको दर्ता किताबमा साझेदारहरु मध्ये जसको नाम क्रमानुसार पहिलो नम्बरमा लेखिएको छ सो व्यक्ति वा साझेदार वा साझेदारहरुको सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

८. विविध शिर्षक अन्तर्गत कुनै विषय छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको बिषय सहित संचालक समितिको सचिव मार्फत संचालक समितिका अध्यक्षलाई सम्बोधन गरी कोषको केन्द्रीय कार्यालय, नयां बानेश्वरमा लिखित रुपमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

९. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थलमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ९.०० बजे देखि खुल्ला रहनेछ ।

१०. कोषको संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन सम्बन्धी कार्यक्रम कोषको सूचना पाटी तथा राष्ट्रिय स्तरको दैनिक पत्रिका गोरखापत्रमा प्रकाशित गरिनेछ ।

११. कोषको आर्थिक बर्ष २०८१/८२ को लेखापरीक्षण गरिएको वित्तीय विवरणहरु तथा आय विवरण संचालक समितिको प्रतिवेदन लगायतका कागजातहरु निरीक्षण गर्न वा प्रतिवेदन नै आवश्यक भएमा कार्यालय समय भित्र कोषको केन्द्रीय कार्यालय, नयां बानेश्वरमा सम्पर्क राख्न सकिनेछ ।

आज्ञाले,

संचालक समितिको सचिव